का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ कात्तिक २०८०,
शनिबार
4 November 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न





# दशकपछि विश्वकपमा नेपाल

एकपछि अर्को अविश्वासनीय जित निकालिरहेको नेपाल शुक्रबार मुलपानी क्रिकेट मैदानमा यूएईलाई हराउँदै टी-२० विश्वकपमा छनोट भएको छ । जितसँगै दश वर्षपछि विश्वकप खेल्ने अर्को अवसर सिर्जना भएको छ ।


**देवानन्द झा/मध्यान्ह**
काठमाडौं, १७ कात्तिक ।

दश वर्षपछि नेपाल टी-२० विश्वकपमा छनोट भएको छ। अमेरिका र वेष्ट इण्डिजले संयुक्त रूपमा आगामी जुन २०२४ मा गर्ने विश्वकपमा नेपालले छनोट भएको हो । विश्वकपमा छनोट हुन नेपालले शुक्रबारको सेमिफाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी यूएईविरुद्ध सहज जित निकाल्यो ।

समूह एमा रहेको नेपाल बिहीबार समूह चरणको अन्तिम खेलमा ओमानसँग ५ रनले पराजित भएपछि समूह बीको बिजेता यूएईसँग सेमिफाइनल खेल्नु परेको थियो । यूएई समूह चरणको सबै खेल जितेर उच्च मनोबलमा थियो ।

तर नेपाल भने ओमानसँग पराजित भएर दबावमा परेको थियो । अझ गत शनिबार मात्रै कीर्तिपुर मैदानमै त्रि-देशीय सिरिजको फाइनलमा यूएईसँगै पराजित भएर उपाधिबाट नेपाल बञ्चित भएको थियो । तर यूएईसँग पराजित भए नेपालको विश्वकप यात्रा टुंगिने पक्का थियो ।

यस्तो अवस्थामा नेपाली समर्थक र



राष्ट्रिय टीमले अलराउण्डर दिपेन्द्रसिंह ऐरीलाई धेरै सम्झिए । उच्च फर्ममा रहेका ऐरी समूह चरणको पहिलो खेल हुने दिन घाइते भएका थिए । तर जसरी पनि यूएईलाई हराएर विश्वकप पुग्ने उद्देश्य सहित ऐरीलाई प्लेइङ एघारमा परेका थिए ।

नेपालले अर्को अप्ठ्यारो पनि खेप्नु परेको थियो । किनकि ओमानसँग पराजित भएर नेपाल सेमिफाइनल खेल्न मुलपानी क्रिकेट मैदान जानु परेको थियो । नेपाली क्रिकेटरहरु अभ्यस्त रहेको कीर्तिपुरमा भने समूह एको बिजेता बनेको ओमान र बहराइनबीच पहिलो सेमिफाइनल खेल भएको थियो । तर सबै प्रतिकुलता बदल्दै नेपालले सहज जित निकाल्यो ।

पृष्ठ २ मा

क्रिकेट खेल्दाको सपना थियो । नेपाललाई राम्रो ठाउँमा प्रतिनिधित्व गर्ने विश्वकप गइरहेका छौं । हामी खेल्ने (विश्वकप) मात्रै होइन, जित्न पनि गइरहेका छौं ।

**सोमपाल कामी**
**सदस्य**
**नेपाली क्रिकेट टोली**





# प्रचण्ड पथमा केदार कार्की

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ कात्तिक ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकार विस्तार गरेका छन् । शुक्रबार माओवादी केन्द्रका गणेश उप्रेती र एकीकृत समाजवादीका गणेशप्रसाद जबेगुलाई मन्त्री नियुक्त गरेपछि सत्ता समीकरण फेरिनेतिर प्रदेश राजनीति अगाडि बढेको छ ।

कांग्रेस नेतृत्वको गठबन्धनले मुख्यमन्त्री नबनाउने भएपछि विद्रोह गरेर कांग्रेसकै केदार कार्कीले एमालेको साथ लिएर मुख्यमन्त्री बने । एमालेको समर्थनमा सरकार निरन्तर अगाडि बढाउन नसक्ने भएपछि मुख्यमन्त्री कार्कीले विश्वासको मत लिएपछि माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका सांसदलाई मन्त्री नियुक्त गरे ।

कार्कीले मुख्यमन्त्री हुन र सरकार टिकाउन अपनाएको बाटो संघमा प्रधानमन्त्री प्रचण्डले अपनाएको शैली ठ्याक्कै मिल्छ । पाँच दलीय गठबन्धनले प्रधानमन्त्री नबनाउने भएपछि एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले समीकरण बदलेर कांग्रेसको समर्थनमा सरकार चलाइरहेका छन् । गठबन्धनले मुख्यमन्त्री नबनाउने भएपछि एमालेको समर्थनमा मुख्यमन्त्री भएका कार्कीले पनि समीकरण

पृष्ठ २ मा

# एमालेले सरकार छाड्ने



सरकार विस्तार गर्दा हामीलाई कुनै जानकारी गराइएको छैन, कुनै सरसल्लाह छैन । केन्द्रको गठबन्धनमा हामी छैनौं र हुँदैनौं । यस विषयमा हामीले निर्णय गरिसकेका छौं ।

***हिक्मतकुमार कार्की***
***कोशी प्रदेश, एमाले संसदीय दलका नेता***

एमाले कोशी प्रदेश सरकारबाट बाहिरिने भएको छ । मुख्यमन्त्री केदार कार्कीले माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका सांसदहरुलाई मन्त्री नियुक्त गरेपछि प्रदेश सरकारबाट

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नेपाल र साउदीबीच श्रम सम्झौताबारे छलफल सकारात्मक

## कामदार समस्याबारे पनि व्यापक चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ कात्तिक

नेपाल र साउदी अरेबियाका अधिकारीहरूबीच श्रम सम्झौतालगायत नेपाली कामदारका समस्या समाधानका विषयमा सकारात्मक छलफल भएको छ। साउदीको रोजगारीमा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहत निकाय तथा नेपाल वैदेशिक रोजगार व्यवसायीको टोली हाल साउदी अरेबियामा रहेको छ ।



साउदी अरेबियाका लागि नेपाली राजदूत नवराज सुवेदीको नेतृत्वमा भएको छलफलमा मुख्यतः द्विपक्षीय श्रम सम्झौता, जेलमा रहेका नेपाली कामदार हरूले तिर्नुपर्ने जरिवाना माफी, उनीहरूको रिहाइ तथा स्वदेश फिर्तीमा सहजीकरण, करार अनुसारको काम र तलब पाउन नसक्दा उत्पन भएको कामदार, कम्पनी र म्यानपावर कम्पनीको समस्या र 'मेघा' कम्पनीको रिक्रुटिङ प्रक्रियामा रहेका समस्या समाधानमा नेपाली पक्षले समकक्षी साउदी पक्षसँग आफ्ना दृष्टिकोण

पृष्ठ २ मा

### म्यानपावर कार्यालयमा राष्ट्रिय र संघको झण्डा अनिवार्य

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सम्पूर्ण व्यवसायीले आफ्ना कार्यालयमा सूर्यचन्द्र अंकित राष्ट्रिय झण्डा र संघको झण्डा अनिवार्यरुपमा प्रयोगमा ल्याउन व्यवसायीहरूलाई आग्रह गरेको छ ।

संघका कार्यवाहक अध्यक्ष डिक बहादुर खत्री 'कुमार' तथा कार्यवाहक महासचिव कर्ण कटुवालले एक सूचनामार्फत व्यवसायीलाई उक्त आग्रह गरेका हुन् ।

पृष्ठ २ मा

# चाडपर्वको मुखमा उखु किसानलाई अनुदान

तिहार, छठलगायतको पर्व नजिकिरहेका बेला सरकारले उखु किसानलाई अनुदान दिएको हो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ कात्तिक ।

सरकारले उखु किसानलाई अनुदान दिएको छ । तिहार, छठ लगायतको पर्व नजिकिरहेका बेला सरकारले उखु किसानलाई अनुदान दिएको हो ।

चाडपवपर्वको मुखमा उखुको अनुदान रकम पाउँदा किसानहरु खुसी भएका छन् । अनुदान रकम पाउँदा के केन पाएजस्तो भएको उनीहरुको प्रतिक्रिया छ ।

महोत्तरीको एभरेष्ट र सिद्धिविनायक चिनी उद्योगमा उखु बुझाएका महोत्तरीका किसानले उखु खेतीबापतको सरकारी अनुदान रकम



पाएका हुन् । दसैं जसोतसो टारेका किसानले तिहार, छठ अगाडि अनुदान पाएका हुन् ।

किसानहरुका अनुसार मौकामा राहत मिलेको छ। अब दिपालली/छठ राम्रोसँग मनाउन सकिने उनीहरुको विश्वास छ । चाडवाड कसरी टारौं भनेर बिलखबन्द परेका

पृष्ठ २ मा

# विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्चमा अख्तियार

**काठमाडौं/मस-** विशेष अदालत काठमाडौंको फैसलामा चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालत पुगेको छ ।

आयोगले विशेष अदालत काठमाडौंमा दायर गरेको भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेषले सफाई दिएपछि सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो ।

अख्तियारबाट विशेष अदालतमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार कात्तिक १७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको आयोगले जनाएको छ ।




आयोगका अनुसार प्रतिवादीहरु ओमप्रकाश यादवलाई ६ महिना कैद रु एक लाख ३५ हाजर २२९ रुपैयाँ ८२ पैसा जरिवाना र अजयकुमार यादवलाई ६ महिना कैद रु एक लाख ३१ हजार ३६५ रुपैयाँ ८२ पैसा जरिवाना असुल उपर हुने ठहऱ्याई प्रतिवादी अनिरुद्र मण्डलको हकमा आरोपदावी पुग्न नसकी आरोपित कसूरमा सफाई पाउने भनी २०८० वैशाख २८ गते भएको फैसला आयोगलाई चित्त नबुझेको हो ।

त्यस्तै, नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको सम्बन्धमा आयोगले प्रतिवादी उर्मिला देवीलाई गरेको कारबाही मागदाबी विपरित विशेषले गरेको फैसला पनि आयोगलाई चित्त नबुझेर सर्वोच्चमा पुनरावेदन गरेको आयोगले जनाएको छ ।

# भारतमा सवारी दुर्घटनामा एकै परिवारका पाँच नेपालीको मृत्यु

**काठमाडौं/मस-** भारतको कर्नाटक राज्यमा सवारी दुर्घटनामा पाँच नेपालीको मृत्यु भएको छ । सुर्खेतको चौकुने गाउँपालिकाका एकै परिवारका ५ जनाको मृत्यु भएको हो ।



कर्नाटकको गुलबर्ग रोडमा भएको दुर्घटनामा दुई बालकसहित एकै परिवारका पाँच जनाको मृत्यु भएको गाउँपालिका अध्यक्ष खड्क विकले जानकारी दिए ।

मृत्यु हुनेमा चौकुने गाउँपालिका-७ अमलटाकुराका २७ वर्षीय रतन नेवार, उनकी श्रीमती २५ वर्षीया अस्मिता नेवार र छोराहरू ५ वर्षका मिलन र डेढ वर्षका धड्कन नेवार छन् । दुर्घटनामा परी रतनका भाइबुहारी सुस्मिता नेवारको पनि मृत्यु भएको छ ।

मृतक रतनका दाइ त्यहाँकै एक अस्पतालमा उपचाररत थिए । उनीहरू सपरिवार बिरामीलाई अस्पतालमा भेट्न गएका थिए ।

भेटेर फर्किने बेलामा ट्रकले उनीहरू चढेको मोटरसाइकललाई ठक्कर दिएको थियो । रतनको परिवार सबै एउटै बाइकमा सवार थिए । मृतक नेवार परिवार विगत एक वर्षदेखि रोजगारीको सिलसिलामा भारतमा बस्दै आएका थिए ।

# भारतबाट ल्याइएको १ सय ३९ बोरा गहुँको बीउ बरामद



**रौतहट/मस-** भन्सार छली गरेर भारतबाट ल्याइएको १ सय ३९ बोरा गहुँको बिउसहित एक पिकअप गाडी र चालकलाई नियन्त्रणमा लिइएको छ ।

भारतबाट लोड गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा रौतहट प्रहरीले बिउ र चालकसहित पिकअपलाई नियन्त्रणमा लिएको हो ।

सूचना प्राप्त भएलगत्तै जिल्ला प्रहरी कार्यालय गौरबाट खटिएको प्रहरी टोलीले शुक्रबार गौर नगरपालिका वडा नं.७ स्थित भारत तर्फबाट आउँदै गरेको प्रदेश २-०३-००१ च.२१३८ नम्बरको पिकअप गाडी रोकी चेकजाँच गर्ने क्रममा उक्त बिउ फेला पारेको थियो । पक्राउ पर्नेमा पिकअप चालक गौर नगरपालिका वडा नं.७ बस्ने वर्ष ४४ का वीरेन्द्र राय यादव रहेका छन् ।

बरामद गरिएको गहुँको बिउ, पिकअप गाडी र चालकलाई आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको रौतहटका प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए ।

# नेपाली दूतावास कतारको आयोजनामा बृहत् रक्तदान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ कात्तिक

कतारस्थित नेपाली दूतावासले पहिलो पटक आयोजना गरेको रक्तदान कार्यक्रम सम्पन्न भएको छ । नेपालीहरूको राष्ट्रिय पर्वहरू बडा दशैं, दीपावली, नेपाल सम्वत र छठ पर्वको अवसरमा दूतावास र नेपाली रक्तदाता संघको संयुक्त आयोजना तथा कतारको सरकारी हमाद अस्पतालसँगको सहकार्यमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको हो ।



नेपाली दूतावासको प्राङ्गणमा शुक्रबार बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म चलेको रक्तदान कार्यक्रममा नेपाली दूतावास कतारका राजदूत डा.नरेश विक्रम ढकालले रक्तदान गर्दै कार्यक्रमको शुभारम्भ गरेका थिए । १५७ जनाको उपस्थिति रहेको कार्यक्रममा १०० जनाले रक्तदानको लागी रजिष्ट्रेसन गराएपनि ८० जनाले रक्तदान गर्न सफल भएको दूतावासले जनाएको छ ।

श्रम गर्नका लागि मात्र नभै कतारसँग नेपालीहरूको भावना जोडिएको बताउँदै दूतावासका प्रथम सचिव कृष्ण कुमार सुवेदीले मानवीय सहयोग स्वरूप रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए । रक्तदानजस्तो पुण्य कार्यमा सहभागी भएर कार्यक्रमलाई सभ्य र भव्य बनाइदिने उपस्थित सम्पूर्णलाई राजदूत ढकालले धन्यवाद ज्ञापन गरेका थिए ।

ढकालले पहिलो रक्तदाताका रूपमा रक्तदान गरेसँगै अगाडि बढेको कार्यक्रममा रक्तदाताहरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा कतारमा स्थापित विभिन्न सामाजिक, वैचारिक तथा सामुदायिक संस्थाका अध्यक्ष तथा प्रतिनिधिसहित पत्रकार र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# आगलागीबाट ९ पसल जलेर नष्ट

काठमाडौं/मस-काभ्रेको पाँचखालमा आगलागीबाट ९ वटा पसल जलेर नष्ट भएका छन् ।

शुक्रबार बिहान सवा ६ बजे पाचँखाल नगरपालिका ४ समाजकल्याण चोकमा रहेको उद्धब प्रसाद तिमल्सिनाको घरको सटरमा विद्युत् सर्टभई अचानक आगलागी शुरु भएको थियो ।

आगलागीमा परेर तिमल्सिनाको घरमा रहेका ४ वटा कपडा पसल, ३ वटा होटल, एउटा मोबाईल पसल र एउटा मासु पसल जलेका छन्।

आगलागीमा परेर चारवटा कपडा पसल भने पूर्णरुपमा जलेर नष्ट भएका जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ । होटल, मोवाइल र मासु पसल भने आंशिक मात्रै जलेका छन् । दमकलको सहायतामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले झण्डै एक घण्टा लगाएर आगलागी नियन्त्रणमा लिएको थियो । आगलागीमा ७२ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# लागुऔषधसहित एक जना पक्राउ

**रामएकवाल राम/मध्यान्ह**
सिरहा,१७ कात्तिक

प्रहरीले लागुऔषधसहित सिरहामा एक जनालाई पक्राउ गरेको छ । शुक्रबार दिउँसो सिरहाको भगवानपुर गाउँपालिका-१ भगवानपुरस्थित हुलाकी मार्गबाट उक्त व्यक्तिलाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा त्रियुगा नगरपालिका-११ का ३३ वर्षीय सन्तोष चौधरी रहेका छन् । उनलाई अस्थायी प्रहरी पोष्ट भगवानपुर सिरहाबाट प्रहरी सहायक निरीक्षक मुना साहको कमाण्डमा खटिएको प्रहरी चेकिङ टोलीले पक्राउ गरेको हो । हुलाकी मार्गमा पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको स ९ प ८२५१ नं.को मोटरसाइकललाई शंका लागि चेकजाँच गर्ने क्रममा चौधरी पक्राउ परेका हुन् । उक्त लागुऔषध र मोटरसाइकलसहित चौधरीलाई ईलाका प्रहरी कार्यालय लहान सिरहाले थप अनुसन्धान गरिरहेको छ ।



# ट्रकमा मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु

**कृष्ण तिवारी/मध्यान्ह**
सर्लाही, १७ कात्तिक

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको लालबन्दीमा रोकिराखेको ट्रकमा मोटरसाइकल ठोक्किँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ । ट्रकमा मोटरसाइकल ठोक्किँदा हरिवन नगरपालिका-११ बस्ने २८ वर्षीय मुकेशकुमार गुप्ता र सोही ठाउँका ३५ वर्षीय सुनीलकुमार गुप्ताको मृत्यु भएको प्रहरीले जनाएको छ ।

लालबन्दी नगरपालिका-१७ कालिन्जोरस्थित राजमार्गमा बिग्रेर रोकिराखेको बीआर०६जीडी३१४१ नम्बरको ट्रकमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश-२-०३-००४-५३५५ नम्बरको मोटरसाइकल ठक्कर खाँदा दुर्घटना भएको थियो । ट्रकमा मोटरसाइकल ठोक्किएपछि मोटरसाइकल चालकसमेत रहेका मुकेशको टाउकोमा गम्भीर चोट लागेकाले उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा ल्याइएको थियो । अस्पताल ल्याउनासाथ चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

मोटरसाइकलमा पछाडि सवार सुनीलको पनि टाउको, चिउँडो, नाक र हातमा चोट लागेर गम्भीर घाइते भएका थिए । उपचारका लागि बर्दिवासस्थित जनसेवा अस्पतालमा पुऱ्याइए पनि उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

## दशकपछि...

नेपाल विश्वकपमा छनोट भएको साक्षी बन्न दर्शकको ठूलो भीड लागेको थियो । जबकी नेपाल क्रिकेट संघ (क्यान) ले मुलपानीमा दर्शक बस्ने पर्याप्त ठाउँ नभएकाले घरमै बसेर हेर्न आग्रह गरेको थियो। यद्यपि क्यानको आग्रह नमानी खेलाडीहरुलाई उत्साह भर्न मुलपानी क्रिकेट मैदान दर्शकले घेरिएको थियो ।

दर्शकको हुटिङले उत्साहित क्रिकेटरहरु पनि सम्हालिएर उत्कृष्ट प्रदर्शन गरे । टस हारेर पहिले फिल्डिङ गर्नु परेको नेपालका लागि स्पिनरहरु कुशल मल्ल, सन्दीप लामिछाने र रोहितकुमार पौडेल (कप्तान) ले युएईलाई दबावमा पारे। मल्लले तीन, सन्दीपले दुई र पौडेलले एक विकेट लिएका थिए ।

युएईलाई सुरुमै दबावमा पार्न सोमपाल कामीले उत्कृष्ट प्रदर्शन गरे । युएईका कप्तान मोहम्मद वासिमलाई करण केसीबाट क्याच आउट गराए भने खालिद साहलाई आफै रन आउट गरे। ९ विकेटको क्षतिमा १३४ रनको लक्ष्य दिएको युएईविरुद्ध नेपालका आसिफ शेखले सम्हालिएर ब्याटिङ गरे । ओपनर शेखले नटआउट ६३ रन जोडे । उनी खेलमा प्लेयर अफ दी म्याच बने। कप्तान पौडेलले ३४, गुल्शन झाले २२ र ओपनर कुशल भुर्तेलले १२ रन जोडे ।

यसरी बलियो युएईलाई हराएर नेपालले विश्वकप खेल्ने अवसर सिर्जना गर्दा दर्शक र खेलाडीहरु भावुक देखिएका थिए । हुनपनि नेपालले विश्वकप खेल्ने अवसर सिर्जना गरेको यो दोस्रो पटक हो । यसअघि सन् २०१४ मा बंगलादेशमा भएको टी-२० विश्वकप नेपालले खेलेको थियो । त्यसबेला अफगानिस्तान र हङकङलाई हराए पनि बंगलादेशसँग रनरेटका आधारमा विश्वकपको दोस्रो चरणमा पुग्न सकेको थिएन ।

यसपछि सन् २०१६ मा भारत, सन् २०२१ मा युएई/ओमान र सन् २०२२ मा अष्ट्रेलियामा भएको विश्वकपमा नेपाल छनोट हुन सकेको थिएन । तर तीन वटा संस्करण गुमाएपछि भने नेपाल विश्वकपमा छनोट भएको छ ।

नेपाल क्रिकेटले यो वर्ष (सन् २०२३) दिलाएको यो अर्को ठूलो सफलता हो । गत फागुनदेखि एकपछि अर्को सनसनीपूर्ण जित निकालिरहेको नेपालले एक दिवसीय विश्व मान्यता कायम गर्दै विश्वकप विश्व छनोट (जिम्बाबे) मा खेल्यो । यसै वर्ष नेपालले पहिलोपटक एसिया कप खेल्यो ।

भारत, पाकिस्तान, श्रीलंका, अफगानिस्तान र बंगलादेश जस्तो टेष्ट मुलुकसँग नेपाल पनि एसियाकप खेल्यो। एसिया कपमा नेपालले भारत र पाकिस्तानको समूहमा रहेर हिम्मतपूर्ण प्रदर्शन गरेको थियो ।

## प्रचण्ड...

फेर्नेगरी माओवादी र एकीकृत समिाजवादीलाई सरकारमा समेटेका छन् । मुख्यमन्त्री कार्कीले आफूले सहमतीय सरकार बनाउने प्रयास गरेको बताउँछन् । विश्वासको मत नपाएर यसअघि दुई जना मुख्यमन्त्री सरकारबाट बाहिरिनु परेको भन्दै उनले आफूले पाएको विश्वासको मतको सम्मान गर्दै सहमतीय सरकारकै एजेण्डा अनुसार अघि बढेको उनले बताए ।

तर आफूहरुको सहमति विपरीत कार्कीले माओवादी र एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराएको भन्दै नेकपा एमाले असन्तुष्ट छ । नयाँ मन्त्रीको शपथग्रहणमा एमालेको सहभागिता समेत रहेन ।

मुख्यमन्त्री कार्कीले एमालेको एजेण्डा नै सहमतीय सरकार रहेको बताउँदै उसैले भन्ने गरेको सहमतीय सरकार बनाउने प्रयास गर्दा एमाले आफैंले बनाएको सरकारबाट बाहिरिन्छ भन्ने नसोचेको बताए ।

## एमालेले...

बाहिरिने भएको हो । एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्की केन्द्रको गठबन्धनमा एमाले संलग्न नहुने बताउँछन् । उनी भन्छन्, 'हामीलाई कुनै जानकारी गराएको छैन न त कुनै सरसल्लाह नै छ। केन्द्रको गठबन्धनमा हामी छैनौं र हुँदैनौं पनि। यस विषयमा हामीले निर्णय गरिसकेका छौं।'

सरकारमा एमालेका रामबहादुर राना मन्त्री छन् । एमालेले कांग्रेस बाहेक अन्य दलहरुलाई सरकारमा सहभागी गराए सरकारबाट बाहिरिने र समर्थन फिर्ता लिने चेतावनी दिँदै आएको थियो । मुख्यमन्त्री कार्कीले एमालेको चेतावनीबीच माओवादी केन्द्रका उप्रेती र एकीकृत समाजवादीका जबेगुलाई मन्त्री नियुक्त गरेका हुन् । एमाले ३० र कांग्रेसमा ८ सांसदहरुको समर्थनमा केदार कार्की असोज २९ गते मुख्यमन्त्री नियुक्त भएका थिए । मुख्यमन्त्री कार्कीले यसअघि कांग्रेस विद्रोही पक्षबाट समशेर राई र एमालेबाट रानालाई विना विभागीय मन्त्री नियुक्त गरेका थिए ।

## नेपाल...

राखेको छ । आफूहरूले राखेका विषयमा साउदी पक्षको सकारात्मक प्रतिक्रिया आएको नेपाली पक्षको भनाइ छ ।

छलफलका लागि नेपालबाट वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालको नेतृत्वमा विभागका निर्देशक कविराज उप्रेती तथा मन्त्रालयका उपसचिव कृष्णप्रसाद भुसाल, वैदेशिक रोजगार बोर्डकी निर्देशक सीता दुवाडीसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव मेघनाथ भुर्तेल र द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ गएका छन् । रियादस्थित नेपाली दूतावासमा कार्यरत काउन्सिलर श्रम देवेन्द्र कार्कीलगायत दूतावासका अन्य कर्मचारीको पनि छलफलमा सहभागिता रहेको थियो । साउदी अरेबियाको तर्फबाट त्यहाँको कानून, श्रम तथा सामाजिक विकास तथा परराष्ट्र अधिकारीहरू सहभागी रहेका थिए ।

नेपाली प्रतिनिधिमण्डलले शुक्रबार रियादमा गैरआवासीय नेपाली संघसहित नेपालीका संघसंस्थासँग नेपाली कामदारका समस्याबारे छलफल गरेको संघका महासचिव भुर्तेलले जानकारी दिए ।

## म्यानपावर...

नेपाली नागरिक भएका नाताले देशप्रति र वैदेशिक रोजगार व्यवसायी भएका नाताले संघप्रति आस्था र सम्मान देखाउन दुवै झण्डाको प्रयोगमा ल्याउन आवश्यक भएको संघको भनाइ छ ।

संघले म्यानपावर कम्पनी सञ्चालकको कार्यकक्षमा दायाँतर्फ राष्ट्रिय झण्डा र बायाँतर्फ संघको व्यावसायिक झण्डा राख्नसमेत आग्रह गरेको छ ।

## चाडपर्वको...

बेला अनुदान रकम पाइएको भन्दै उनीहरु खुसी भएका हुन् ।

दुवै उद्योगमा उखु बुझाउने जिल्लाका १२ हजार छ सय ७३ किसानलाई अनुदानबापतको जम्मा रु१८ करोड ४७ लाख ९९ हजारबाट सम्बद्ध किसानले पाउने हिस्सा उनीहरुको बैंक खातामा पठाइएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जम्मा गरिदिएको छ । आर्थिक वर्ष २०७९/०८० को क्रसिङका बेलामा उखु बुझाएका किसानलाई सरकारले अहिले अनुदानबापतको रकम उपलब्ध गराएको हो ।

किसानले उखु बुझाएको झण्डै एक वर्षपछि अनुदानबापतको रकम अहिले पाएका हुन् । गत वर्ष भने किसानले दसैं अघि अनुदान रकम पाएका थिए । यसपालि सरकारले निकासा पठाउन ढिलो गर्दा किसानको खातामा रकम पुग्न ढिलो भएको उक्त कार्यालयले जनाएको छ ।

उखु क्रसिङ गर्ने बेलामा आव २०७९/८० मा एभरेस्ट चिनी उद्योगलाई १२ हजार पाँच सय ९० र सिद्धिविनायक चिनी उद्योगलाई ८३ जना किसानले उखु उपलब्ध गराएका थिए । सिद्धिविनायक गत वर्षमात्र सञ्चालनमा आएको चिनी उद्योग हो। सरकारले २०७८/२०७९ देखि उखु खेती गर्ने किसानलाई प्रतिक्विन्टल रु पाँच बढाएर अनुदान रु ७० पुयाएको थियो। अहिले उखुको मूल्य उद्योगले पाँच सय ४० र सरकारले अनुदानबापत ७० गरी प्रतिक्विण्टल छ सय १० कायम गरेको छ ।

छाँयानाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।०७।१८

यस छायाँनाथ रारा नगरपालिकाको कार्यालय, गमगढी, मुगु बाट मिति : २०८०।०६।११ गते तपशिल बमोजिम कार्य सम्बन्धी बोलपत्र (E-Bid मार्फत) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभाग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description of Work | Contact identification No | Bidder Selected | Bid Price (Including Vat & PS) |
|---|---|---|---|---|
| 1 | Mandu & Jhakot School Building Construction. | CRM/NCB/WORKS/BC/01/2080-081 | Rinamocha Work Suppliers And Construction, Mugu. | 52,84,276.8 |

Cyprus को होटल लाईनमा महिला/पुरुषहरुलाई रोजगारको अवसर

१. कम्पनी: Ero Christoforou Private Employment Agency., Cyprus, Paphos
पूर्व स्वीकृती मिति २०८०।०२।११ चलानी नं. ६०२०१९८६ LT.No. 286204 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 05 | काममा दक्ष | 650 | ९१,८१३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१२।०७ चलानी नं. ६०१९८४९७ LT.No. 283128 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 11 | 0 | काममा दक्ष | 850 | १,२०,०६३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Bartender | 0 | 01 | | 700 | ९८,८७५।- | | | | | | | |

३. कम्पनी: Medeon International Placement Agency Ltd., Cyprus, Kofinou, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०४।०५ चलानी नं. ६०१८३६११ LT.No. 267642 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 01 | 01 | काममा दक्ष | 700 | ९८,८७५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 01 | | 600 | ८४,७५०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ र २ का कम्पनीहरुको रु. ३०,०००।- र सि.नं. ३ को रु. ४०,०००।- |

नोट:-स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा काम गरेको अनुभव र साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

प्रि-अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०८० मंसिर २६ गते (12 Nov. 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

# बेदकोट नगर अस्पताल निर्माण कार्य अलपत्र

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १७ कात्तिक

बेदकोट नगरपालिका ३ दैजीमा निर्माणधिन १५ शैयायाको नगर अस्पताल अलपत्र परेको छ । अस्पतालमा निर्माण कार्य अगाडि नबढेपछि संघर्ष समितिले फेरि दबावका लागि छलफल शुरु गरेको छ ।

स्थानीयले संघर्ष समिति गठन गरी दवाव दिएपछि गत आर्थिक वर्षमा नगर अस्पतालका लागि पर्खाल निर्माण कार्य शुरु गरिएको थियो । भदौमा फेरि निर्माण शुरु गर्ने भन्दै राजेन्द्र निर्माण सेवा कम्पनी अधुरो पर्खाल छाडेर काम रोकेको थियो ।

भदौमा शुरु हुने भनिएको निर्माण कार्य कात्तिकसम्म शुरु नभएपछि संघर्ष समिति फेरि दबाव दिन लागेको छ । त्यसका लागि संघर्ष समितिले शुक्रबार बेदकोट नगरपालिकाका जनप्रतिनिधि र नगरस्तरीय राजनीतिक दलका प्रतिनिधिसँत सर्वपक्षीय छलफल गरिएको छ ।

बेदकोट नगरपालिकाको सभा कक्षमा गरिएको छलफलमा अपेक्षित रुपमा सहभागिता हुन नसकेपछि शनिबार अस्पताल निर्माण स्थलमा स्थानीयसँग छलफल राखिएको संघर्ष समितिका संयोजक खगेन्द्र नाथले बताए ।

स्थानीयसँग छलफलपछि संघर्ष समितिले अस्पताल निर्माणका लागि दबाव दिन संघर्षका कार्यक्रम घोषणा गर्ने संयोजक नाथको भनाइ छ ।

'एक चरणको दबावले बाउन्ड्री वाल बनायो, त्यसपछि भदौमा काम शुरु गर्छौ भनेर गएका थिए, अहिलेसम्म शुरु भएको छैन' संघर्ष समितिका संयोजक नाथले भने,'त्यसका लागि शुक्रबार नगरपालिकामा छलफल राखेका हौं, अपेक्षा अनुसार सहभागिता नभएकाले शनिबार त्यहाँ स्पष्ट रुपमा स्थानीयसँग छलफल गरी आन्दोलनमा जान्छौं ।'

स्थानीयसँग छलफल गरी नगर अस्पताल निर्माण कार्य थालनीका लागि शान्तिपूर्ण आन्दोलनका कार्यक्रम घोषणा गरिने संयोजक नाथले बताए ।

बेदकोट नगरपालिका र राजेन्द्र निर्माण सेवाबीच २०७८ वैशाख २२ गते दुई वर्षमा निर्माण कार्य पूरा गर्ने गरी ९ करोडमा ७४ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। ठेकेदार कम्पनीले सम्झौता अवधिको दुई वर्षमा अस्पतालको अधुरो पर्खाल निर्माण गरेको छ ।

२०८० वैशाख २५ गते ठेक्का सम्झौता म्याद सकिएपछि नगरपालिकामा म्याद थपका लागि निवेदन दिइएको छ। अहिलेसम्म नगरपालिकाले म्याद थप गरिएको छैन ।



नगरपालिकासित सम्झौता अनुसार अस्पताल निर्माण शुरु नभएपछि गत वैशाखमा स्थानीय नाथको संयोजकत्वमा संघर्ष समिति गठन गरी दबाव दिइएको थियो। त्यसपछि अस्पताल निर्माणका लागि पर्खाल बनाउन शुरु गरिएको थियो ।

संघर्ष समितिका संयोजक नाथले ठेकेदार कम्पनीले सम्झौता अवधिसम्म अस्पताल निर्माणको काम समेत शुरु नगरेपछि दबावका लागि संघर्ष समिति गठन गरिएको बताए ।

'दुई वर्षसम्म अस्पताल बन्छ भन्ने थियो, त्यसैको आशमा बसेका थियौं' उनले भने,'ठेक्काको म्याद सकिँदासम्म काम शुरु नै नभएपछि संघर्ष समिति गठन गरी अघि बढेका हौं ।'

संघर्ष समितिका संयोजक नाथले नगर अस्पताल बेदकोटका वासिन्दाका लागि आवश्यक भएकाले छिट्टो सञ्चालनमा ल्याउनुपर्ने गरी दबाव दिइने बताए ।

'संविधानमा स्वास्थ्यलाई मौलिक हकको व्यवस्था छ, यो अस्पताल बनेर जनताले सहज रुपमा स्वास्थ्य सेवा पाउनु पर्छ' उनले भने,'अस्पताल निर्माणमा गरिएको लापरवाहीले जनताको स्वास्थ्य अधिकारमाथि खेलवाड गरिएको छ, यसविरुद्ध हामी निरन्तर खबरदारी गर्छौं ।'

नगरपालिकाका प्राविधिकहरुका अनुसार हालसम्म अस्पतालको निर्माण कार्य दुई प्रतिशत भएको छ । 'पर्खाल बाहेक अरु केही बनाइएको छैन, त्यो पनि आधा नै छ' कार्यालयका एक प्राविधिकले भने,'६ फिटको पर्खाल बनाउन पर्नेमा ३ फिट मात्रै छ, त्यो पनि दुई तिर मात्रै छ, अरु दुई तिर छैन ।'

बेदकोट नगरपालिका ३ दैजीस्थित शारदा माध्यमिक विद्यालयको भोगलचनमा रहेको १२ कट्टा जमिनमा नगर अस्पताल बनाउन थालिएको हो । ठेकेदार कम्पनीले ठेक्का सम्झौतापछि ८५ लाख मोबिलाइजेशन रकम लगेको थियो ।

बेदकोट नगरपालिका कार्यालयको सभा कक्षमा गरिएको छलफलमा सम्बन्धित वडाका वडा अध्यक्षसहित दुई जना बाहेक अन्य जनप्रतिनिधि सबै अनुपस्थित भएका छन् । बेदकोटका मेयर भोजराज बोहरा र उपमेयर तुलसी जोशीसहित सबै वडा अध्यक्षलाई कार्यक्रममा सहभागिताका लागि आमन्त्रण गरिएको थियो ।

बेदकोट नगरपालिका ३ का वडा अध्यक्ष मोहन गुरुधामी र १० का वडा अध्यक्ष जनक विष्ट छलफलमा सहभागी भएका छन् । उनीहरुमध्ये धामी नगर अस्पताल निर्माण हुने वडाका वासिन्दा हुन् ।

कांग्रेस बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि छलफलमा सहभागी भए । नेकपा माओवादी केन्द्रका मिनराज गिरी, एमालेका हरि गिरी र राष्ट्रिय स्वतन्त्र पार्टीका तेज ठकुल्लाले छलफलमा सहभागी भएर नगर अस्पताल निर्माणका लागि गरिने सबै कार्यक्रममा सहभागी हुने प्रतिवद्धता जनाए ।

कांग्रेसका बेदकोट नगर सभापति तुला शाहु लगायतका नेता नगरपालिका कार्यालय भएपनि छलफलमा सहभागी नभएर फर्किएका छन् । बेदकोट नगरपालिका ३ का वडा अध्यक्ष धामीले बेदकोट नगरपालिकाले अस्पताल निर्माण कार्यलाई प्राथमिकता दिएर अघि बढेको बताए ।

'यो नगर अस्पताल निर्माण कार्यलाई शुरुदेखि प्राथमिकता दिएका छौं, चुनाव जितेर आएपछि साइड क्लियर गराएर निर्माण शुरु भयो' उनले भने,' पटक-पटक गरी ५ पटकसम्म त काम शुरु गर्नका लागि ठेकेदारलाई पत्र पठायौं, दुई पटक मेयर साप म नै कम्पनीको अफिस गरेर समेत कुरा गरेका छौं ।' वडा अध्यक्ष धामीले ठेकेदार कम्पनीले सम्झौता अनुसार अस्पताल निर्माण गर्नुपर्ने सबै नगर वासिन्दाको माग भएको बताए । 'अस्पताल चाहिन्छ, त्यो छिटो हुनुपर्ने हामी सबै वासिन्दाको माग हो' उनले भने ।

बेदकोट नगरपालिकाले ठेकेदार कम्पनीलाई म्याद थपका लागि सक्कली कागजात पठाउन पत्रचार गरेको छ । कार्यालयमा म्याद थपका लागि निवेदन आएपछि कागजात माग गरिएको नगरपालिकाका कर्मचारीले बताए ।

# नेपाल पुष्प व्यवसायी संघ सुर्खेतको अध्यक्षमा घर्ती

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १७ कात्तिक

सुर्खेतमा व्यावसायिकरुपमा फूल (पुष्प) खेती गर्दै आएका किसानहरु संगठित भएका छन् । शुक्रबार वीरेन्द्रनगरमा सम्पन्न व्यवसायीहरुको भेलाले हिराबहादुर घर्तीको अध्यक्षतामा नेपाल पुष्प व्यवसायी संघ सुर्खेत गठन गरेको छ ।

जसको उपाध्यक्ष उविसरा थापा, सचिव विनोद शर्मा सहसचिव अशोक चौधरी र कोषाध्यक्ष रुवि आचार्य रहेका छन् । यस्तै सदस्यहरुमा रामप्रसाद भण्डारी, मानबहादुर राना, प्रशुराम धमला, रिता भारती, कृष्ण शर्मा, समिर खत्री, हिमानी कोइराला र रमेश विसी रहेका छन् ।

व्यावसायिकरुपमा उत्पादन शुरु भएपनि व्यावसायिक समस्या छलफल गर्ने ठाउँ तथा समस्या पैरवी गर्ने संस्था नभएकाले आफूहरु संगठित भएको उनीहरुको भनाइ छ। एउटै वस्तु उत्पादन गर्दै आएका व्यवसायीहरुको बजारीकरणका लागि तथा हक अधिकार संरक्षण गर्नका लागि आफूहरु संगठित भएको अध्यक्ष घर्तीले बताए । सुर्खेतमा नै उत्पादन भएको फूलको प्रयोग गर्न तथा प्लास्टीक जन्य माला आयातमा रोक लगाउन सघले माग गरेको उनको भनाइ छ । स्थानीय स्तरमा व्यवसायीले रोजगारीका अवसर सिर्जना गरेकाले सरकारले समेत सहयोग गर्नुपर्ने उनको भनाइ थियो ।



व्यावसायिकरुपमा उत्पादन भएपनि फूलको बजारमा मूल्य एकरुपता नभएकाले थोक तथा खुद्रा मूल्य निर्धारण गरिएको अध्यक्ष घर्तीले बताए। उपभोक्ताको आवश्यकतालाई मध्यनजर गर्दै थोकमा प्रति केजी २ सय ५० देखि ३ सय रुपैयाँसम्ममा उपलब्ध गराइने उनले वताए । 'न्यूनतम खरिदको आधार बनाएर सो मूल्यमा फूल उपलब्ध गराउने निर्णय गरेका छौं,' उनले भने । स्थानीय व्यवसायीले बाहिरबाट खरिद गर्ने मूल्यमा नै उपलब्ध गराइ उपभोक्तालाई समेत सस्तोमा फूल उपलब्ध गराइने उनको भनाइ थियो ।

कार्यक्रममा लघु औद्योगिक ग्रामका अध्यक्ष उदीराम डाँगीले कम लगानीमा उत्पादन बढाउन आग्रह गरे । तिहार लक्षित मात्रै भन्दा पनि फूलका अन्य उत्पादनका लागि समेत ध्यान दिनुपर्ने उनले बताए । सुर्खेतमा १२ महीना नै फूलको उत्पादन आवश्यक रहेकाले किसानले त्यसतर्फ ध्यान दिन जरुरी रहेको उनको भनाइ थियो। फूलको प्रयोग बढाएर प्लास्टिकजन्य बस्तु घटाउन आफूले सक्दो सहयोग गर्ने उनले बताए ।

युवा वैज्ञानिक राजेन्द्र विष्टले फूलबाट विभिन्न किसिमका सुगन्धित तेल निर्माण गरिने भएकाले उत्पादनकर्ताले तिहारलक्षित मात्रै नभइ निर्यातका लागि ठूलो मात्रामा उत्पादन गर्नुपर्ने बताए। उत्पादन बढेपछि बजारका लागि समेत सहज हुने भएकाले त्यसतर्फ ध्यान दिन उनले आग्रह गरे । कार्यक्रममा व्यावसायिकरुपमा फूल खेती गर्दै आएका ३० जना किसानको सहभागिता रहेको थियो ।

# गत वर्ष देउसी खेलेको रकमले गाउँमा धारा निर्माण

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १७ कात्तिक

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नम्बर १ मा देउसी भैलो खेलेको रकमबाट खानेपानीको धारा निर्माण गरिएको छ । वडाको जंगल गाउँका युवाहरुले गत वर्ष देउसी भैलो खेलेको रकमबाट जंगल गाउँ र चाइनाबगरबीचको जंगलमा खानेपानीको धारा स्थापना गरेका हुन्। जंगलगाउँका शालिग्राम विकको नेतृत्वमा रहेको ३१ जनाको टिमले गत साल भैली खेलेर जम्मा गरेको रकममा केही रकम थप गरी ५१ हजार रुपैयाँको लगानीमा धारा निर्माण गरेको वडा अध्यक्ष



टेकबहादुर पुनले बताए ।

उनीहरूले मुहानदेखि ५ सय ५० मिटर पाइपको व्यवस्था गरी पिउने पानीको धारा स्थापना गरेको वडा अध्यक्ष पुनले जानकारी दिए। हेर्दा सामान्य देखिएता पनि यो उत्कृष्ट र समाजप्रतिको सकारात्मक कार्य भएको उनको भनाइ छ। पैदल यात्रीलाई पिउने पानीको समस्या परिरहेको बेला बाटोमा धारा बन्दा धैरै सहज भएको छ।

पहिले देउसी भैलोबाट संकलित रकम भोजभतेर खाने प्रचलन रहेता पनि अहिलेका पुस्ताले विकास निमार्णसँग जोडिएर सराहनीय कार्य गरेको स्थानीयको भनाइ छ। पछिल्लो सयमा खेलिने देउसी भैलो निश्चित उद्देश्य प्राप्तिका लागि खेलिने भएकाले भोजभतेर खाने चलनको विस्तारै अन्त्य हुँदै जान लागेको बताइन्छ। गत वर्ष देउसी खेलेको समूहले विभिन्न कामको कारण सदस्यहरु गाउँ बाहिर जानुपर्ने अवस्था भएकाले ढिला गरेर सामाजिक कार्य गरिएको बताएको छ ।

## इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**इस्मा रजस्थल, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्रको आशयपत्र सूचना

**सूचना प्रकाशित मिति : २०८०/०७/१७**

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत Gaupalika Chakrapath Nirman -Sirara Amarpur Ra Ghartifat Palukha khanda निर्माण गर्ने कार्यका लागि मिति २०८०/०७/०१ गतेका दिन प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| ठेक्का नं. | विवरण | निर्माण कम्पनि | कबोल रकम |
|---|---|---|---|
| OIRM/GUL/ NCB/080/81/05 | Gaupalika Chakrapath Nirman (Sirara Amarpur Ra Ghartifat Palukha khanda | श्री G.C. Brothers Construction Pvt. Ltd. Sifal 8 Kathmandu | रू ४०,४६,५६५।७० (भ्याट र पि. एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

## महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जितपुर, धनकुटा**
**कोशी प्रदेश, नेपाल**

### करार सेवामा दरखास्त आह्वान गरिएको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/१८)**

यस नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र, जितपुर, धनकुटाको लागि आवश्यक देहाय बमोजिमको पदमा सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

| क्र सं | विज्ञापन नं | पद | तह | संख्या | न्यूनतम योग्यता | मासिक पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| १ | 02/080/081 | मेडिकल अधिकृत | अधिकृत आठौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उर्तिण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको | नेपाल सरकारको नियमानुसार |

१. **उमेर:** पुरुषको हकमा २१ वर्ष पुरा भई ४० ननाघेको तर महिलाको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
२. **पेश गर्नुपर्ने कागजात:** नेपाली नागरिकताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईज फोटो, मेडिकल काउन्सिल दर्ताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी ।
३. **काम गर्नुपर्ने स्थान:** महालक्ष्मी नगरपालिकाको कार्यालयले तोके बमोजिम ।
४. **विदा तथा अन्य सुविधा:** नगरपालिकाको कार्यालयले तोके बमोजिम ।
५. **काम गर्ने समय तथा करार अवधि:** करार सम्झौता बमोजिम ।
६. **पाठ्यक्रम:** सम्बन्धित पदको लागि लोक सेवा आयोगद्वारा निर्धारण गरे बमोजिम ।
७. **परीक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता ।
८. **आवेदन दिने अन्तिम मिति:** २०८०/०८/०२ गते । (दरखास्त बुझाउने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म कार्यालय समयभित्र पेश गर्न सकिने छ ।)
९. **सम्पर्क मिति:** २०८०/०८/०५ गते ।
१०. **परीक्षा मिति:** सम्पर्क मितिमा तोकिनेछ ।
११. **दरखास्त दस्तुर:** आठौं तहको लागि रु. १०००।००, (एक हजार मात्र) राष्ट्रिय बाणिज्य बैंक, जितपुर शाखा, धनकुटामा रहेको महालक्ष्मी न.पा. आन्तरिक राजश्व खाता MAHALAXMI NA.PA.(GA–1–1)–AANTARIK R, A/C 2350100301010003 र राजश्व शिर्षक नम्बर 14224 मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ ।
१२. **दरखास्त फारम यस कार्यालयको** Website: http//www.mahalaxmimundhankuta.gov.np मा राखिएको छ। उक्त फारम डाउनलोड गरी भरेर सम्पूर्ण आवश्यक कागजातक स्क्यान गरी यस कार्यालयको Email: mahalaxmimunjitpur@gmail.com मा समेत पठाउन सकिनेछ। थप जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५२०७०१२१ र ९८४००३६१९८ मा सम्पर्क राख्न सकिनेछ ।

**नोट: उल्लेखित सूचनाको सन्दर्भमा अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।**

**निलकण्ठ विश्वकर्मा**
**संयोजक, पदपूर्ति समिति**



पुस्तक-समीक्षा

# मजदुर आन्दोलन र ‘गरिखानेको नाममा’

कम्युनिष्ट आन्दोलनमा एकले अर्कोलाई निषेध गरिरहेको सन्दर्भमा लेखक रिमालले गम्भीर बहसको थालनी गरेका छन् । पुस्तक, नेपाल श्रमजीवी मजदुर नेता र आम श्रमप्रति विश्वास गर्नेहरुले पढ्न जरुरी छ । पाँचतारे होटेलका लामा बहसबाट मजदुर झुपडीसम्म श्रमिक आन्दोलन बहस गर्न अब रिमालजस्ता नेताहरुले प्रेरित गर्ने बेला आएको छ ।



■ रसुवाली कवि

नेकपा (एमाले)का प्रभावशाली नेता हुन् विष्णु रिमाल । मजदुर आन्दोलनमा छुटाउनै नहुने एउटा नाम पनि हो- विष्णु रिमाल । संसारभरका मजदुर एक होऔं र एकजुट होऔं भन्ने मार्क्सवादी मान्यताकै आलोकमा ट्रेड युनियन आन्दोलनमा रिमाल अग्र भूमिकामा रहे । उनीसँग संगत गरेका नेता र लेखकहरू उनलाई वैचारिक, व्यवहारिक र साहित्यिक चेत भएका नेताको रूपमा बुझ्छन् । रिमालले थुप्रै पुस्तक लेखन, प्रकाशन, सम्पादन, अनुवादसमेत गरेका छन् । पंक्तिकार व्यक्तिगतरूपमा निकट नभए पनि उनका रचनाहरू पढिरहेको हुन्छ । उनका केही कविता समेत पढेको छु ।

छिमेकी जिल्ला नुवाकोटका रिमाल भएकोले पंक्तिकार नाता सम्बन्धका पहेलीहरू हुने कुरा पनि भए । यी फरक विषय हुन् । आन्दोलनका हिसाबले पंक्तिकार र उनी फरक-फरक आन्दोलनमार्फत आएको हुनाले पनि मान्यताहरू केही फरकपना अवश्य पनि छन् । तथापी आधारभूत मान्यतामा हाम्रो सहमति हुन्छ र हुनुपर्छ । किनकी मार्क्सवादलाई बुझ्ने तरिका सही र वैज्ञानिक भएन भने भने हामी गोलचक्कर फस्न सक्छौं । आजको कम्युनिष्ट आन्दोलन र ट्रेड युनियन आन्दोलन पनि गोलचक्कर फस्दै गएको अनुभुति मजदुरहरूले गरिरहेकै छन् । यो हाम्रो आन्दोलनको लागी गम्भीर विषय हो ।


पंक्तिकारको हातमा विष्णु रिमालको पुस्तक छ ‘गरिखानेको नाममा’ । यहाँ यो पुस्तकको बारेमा केही लेख्ने जमर्को गरिएको छ ।

ट्रेड युनियनसँग सम्बन्धि विभिन्न सामाग्रीहरूको अटाएको यो पुस्तक मोटो आकारको छ । लेखक रिमालले आफ्ना लेख र भनाईको तात्पर्य पुष्टि गर्न थप सन्दर्भ सामाग्रीसमेत समावेश गरेकोले पुस्तकमार्फत ट्रेड युनियनको बहु आयामिकतालाई बुझ्न पाठकलाई सहज हुन्छ । उनले धेरै ठाउँमा रोजगारीका लागि श्रम कानुनको सुधार, श्रमिकको संरक्षणका लागि सामाजिक सुरक्षा, तत्काल न्यायका लागी राष्ट्रिय श्रम आयोगको मागलाई अगाडि सारेका छन् । ट्रेड युनियनसँग जोडिएको ट्रेड युनियन ऐनको संशोधनको मागलाई समेत पुस्तकमा उठाइएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको महासभाले उठाएको कामको अधिकार र आधारभुत सिद्धान्तसम्बन्धि घोषणाको सन्दर्भलाई रिमालले नेपाली सन्दर्भमा जोड्न खोजेका छन् ।

विष्णु रिमालको भाषा सरल छ । ट्रेड युनियनसँग सामान्य चासो राख्नेहरूले सहजै बुझ्ने खालको भाषा यस पुस्तकमा रहेको छ । उनी एक ठाउँमा लेख्छन्- ‘फेदमा भने हुने खानेहरूको संसार छ । विश्व परिदृश्यमा समेत उनीहरूको संख्या हुनेखानेहरूको भन्दा कता हो कता ज्यादा छ । उनीहरू अभाव र गरिबी, आवासका लागी झुपडी, रोग र अज्ञानता, राजनीतिकरूपमा अधिकारबिहीनता, निराशा, बेरोजगारी वा रोजगारी भएपनि दुई छाक टार्न धौधौ पर्ने ज्याला र मानवीय विकासका आधारभूत सबै क्षेत्रबाट वञ्चिति जस्ता दुःखको साझा धागोमा उनिएका छन् । र, भनिरहनु पर्दैन - यी दुईमध्य बलियाले नै निर्धामाथि सजिलै शोषण’ - शासन गर्छ ।’ (पृष्ठ २३१ )

श्रमिक महिलाहरूको हालत अहिले विश्वभर कमजोर रहेको छ । गाउँले अर्थतन्त्रदेखि बहुराष्ट्रिय कम्पनीले समेत महिलाको श्रम शोषण गरेका छन् । सामान्य उदाहरण पंक्तिकारकै गाउँघरको दिउ । पंक्तिकारको गाउँमा महिलाले दिनभर धान काटेको ज्याला पाँच सय हुँदा पुरुषको ज्याला सात सय रहेको छ । नेपाली मजदुर आन्दोलनमा श्रमजीवी महिलाहरूको अधिकारको सवाल कर्मकाण्डी रहेको छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका नाममा पाँचतारे होटेलमा पुरुष नेताहरूलाई मेजमानी दिएर महिलाहरूको श्रम र अधिकारको विषयमा कार्यपत्र प्रस्तुत गर्दै एउटा ‘झुरेस्ट’ कर्मकाण्ड सधैं मञ्चित हुन्छ । पुस्तकमा विष्णु रिमालले श्रमजीवी महिलाहरूको सवाल पनि उठाएका छन् । यो उनीसम्बद्ध ट्रेड युनियन आधिकारिक धारणासँग पनि सम्बन्धित नै देखिन्छ ।

उनले महिलाहरूलाई समान अधिकारका लागि मुलतः चार सवाललाई अगाडि सारेका छन् । ती हुन्- अर्थतन्त्रमा हामीलाई गणना गर, श्रमशक्तिमा हाम्रो हेक्का राख, नीति निर्णयमा हामीलाई चासो राख, नेतृत्वमा हामीलाई संलग्न गर । यी चार सवाल आधारभूत हुन् । समग्र महिला श्रमिकहरूको सवालमा बृहत छलफल जरुरी हुन्छ । एक ठाउँमा रिमालले वंश र अंशको सवाल पनि उठाएका छन् । अहिलेको महिला आन्दोलनमा यो पनि तातो विषय हो ।




> रिमालको ‘गरिखानेको नाममा’ नामक पुस्तक कम्युनिष्ट आन्दोलन र पछिल्लो राजनीति आन्दोलनको सन्दर्भमा समेत महत्वपूर्ण रहेको छ । श्रमिक आन्दोलन, विश्व परिस्थिति, बदलिँदो विश्व र मजदुरहरुको सवाल, बहुराष्ट्रिय कम्पनीका बुटले कुल्चे पनि हिलोमा कमल झैँ फुलिरहेका मजदुरहरुको आवाज पुस्तकमा छ । मार्क्सवादी सौन्दर्य चिन्तक तथा एमालेका वैचारिक नेता प्रदिप ज्ञवालीले यस पुस्तकमा भने जस्तै ‘हिजो प्रत्यक्ष देखिने श्रम शोषण अहिले जटिल, विस्तारित र दिग्भ्रमित पार्ने खालको भएको छ ।’

पुँजीपतिहरूलाई सहुलियत दिनुपर्छ भन्ने बहसमा रिमालले पुँजीपति र मजदुरहरूबीच निरन्तर संघर्ष, एकता र संघर्ष हुन्छ भन्नेमा जोड दिएको देखिन्छ । एक ठाउँमा उनी लेख्छन्- “धेरैलाई लागेको हुनसक्छ - समाज पूर्ण पुँजीवादी नहुँदा पुँजीपतिहरूलाई सहुलियत दिइनुपर्छ । यसले उनीहरूलाई लगानीको उत्प्रेरणा जगाउँछ । र सायद यस्तो सोच्नेहरू ठान्छन् त्यो सहुलियत श्रमिकहरूको गाँस काटेर मात्र सम्भव छ । हाम्रो बुझाइमा आर्थिक गतिविधिमा लगानी एक पक्षले मात्र गर्दैन । त्यहाँ दुई पक्ष हुन्छन् । एउटा पक्षले भौतिक तथा मौद्रिक पुँजी लगानी गर्छ अर्को पक्षले जिवित श्रमशक्ती लगानी गर्छ । अघिल्लोले सारा सम्पत्ति लगानी गर्छ, पछिल्लोले सम्पुर्ण जीवन ।” ( पृष्ठ २७१)

यहाँनेर थप बहस जरुरी गर्नपर्छ । अझ ट्रेड युनियनका नेताहरूले झन् बहस गर्नुपर्छ । पुँजीपतिले गरेको लगानी मनग्य नाफा कमाउनका हो । श्रमिकहरूले जीवन नै दिएको पेट पाल्नका लागि । यसैले यहाँनेर पुँजीपतिप्रति विष्णु रिमालहरू जस्ता कम्युनिष्ट नेताहरू किन भावुक हुनु ?

रिमालले यस पुस्तकमा श्रमिक महिलाहरूको सवाललाई अलि गम्भीर ढंगले उठाएका छन् । उनले एउटा ठाउँमा मार्गरेट थ्याचरको भनाइलाई साभार गरेका छन् । उनी भन्छिन्- यदि तपाईंलाई केही भनेमात्रै हुन्छ भने पुरुषलाई अघि सार्नुस्, यदि तपाईंलाई केही गर्नैछ भने महिलामा भर पर्नुस ।’ यो आदर्श वाक्य अमुर्त छ । आज हाम्रो आन्दोलन पनि यस्तै अमुर्तता फस्ने डर भएको छ ।

क्लारा जेटकिनले भने जस्तै समाजवादी आन्दोलनले मात्र श्रमिक महिलाका समस्यालाई हल गर्छ । कम्युनिष्ट पार्टी सम्बद्ध ट्रेड युनियनहरूको साझा गन्तव्य समाजवादी आन्दोलन नै हो । हामीले यहिनेरबाट बहस थाल्नुपर्ने हुन्छ । रिमालले नै उदाहरण दिएको पाउलो फ्रेरीको भनाइ जस्तै जनताले आफूलाई उदयीमान नेताभित्र खोज्नुपर्छ र नेताले आफूलाई जनताभित्र खोज्नुपर्छ । तर आजको उदयीमान नेता को त ? हाम्रो समयले प्रश्न गरिरहेको छ । ट्रेड युनियनको आन्दोलनमा यो समस्या तड्गारो छ ।

नेपाली समाजको अन्तरविरोधलाई हल गर्ने सवालमा वर्गसंघर्षलाई जोड दिनुपर्छ भन्नेमा रिमालको जोड रहेको छ । उनले उल्लेख गरे जस्तैः हाम्रो देशमा जहाँ एक चौथाइ जनसंख्या अति गरीब छन्, त्यही मास (आम जनसमूह) नै वास्तविक क्लास वर्ग हुन् ।’ (पृष्ठ ३२०) नेपाली समाजको मुल समस्यालाई वर्गीय ढंगले हेर्न सकिएन भने त्यो सैद्धान्तिक दुर्घटनामा फस्छ भन्नेमा पनि देखिन्छ ।

यस किताबमा विष्णु रिमालको एउटा चिठी पनि रहेछ, ‘कमरेड प्रचण्डलाई खुल्लापत्र ।’ उनले प्रचण्डहरूले अगाडि सारेको ‘एक्काइसौं शताब्दीको जनवाद’ र मदन भण्डारीले अगाडि सारेको ‘जनताको बहुदलीय जनवाद’लाई जोडेर प्रचण्डलाई प्रश्न गरेका छन्- फरक छौं भन्ने तपाईंहरूको भनाइ मान्दा जनताको बहुदलीय जनवाद होइन भने निःसन्देह तपाईंहरू एमाले होइन । नौलो जनवादी होइन भने तपाईंहरू माओवादी नै होइन । सामाजीक जनवादी होइन भने तपाईंहरू पुरानो कांग्रेस पनि होइन । त्यसो भए के हो एमाओवाद र कहाँ छ तपाईंको एमाओवादी ?’(पृष्ठ ३६६) हेटौंडा महाधिवेशनपछि रिमालले सोधेको प्रश्न अहिले उतिकै सान्दर्भिक छ । तर, एमाले र माओवादी एकता भइसकेको र प्राबिधिक कारण फुट आएकोले यसमा थप बहस आवश्यक छैन ।

रिमालको ‘गरिखानेको नाममा’ नामक पुस्तक कम्युनिष्ट आन्दोलन र पछिल्लो राजनीति आन्दोलनको सन्दर्भमा समेत महत्वपूर्ण रहेको छ । श्रमिक आन्दोलन, विश्व परिस्थिति, बदलिँदो विश्व र मजदुरहरूको सवाल, बहुराष्ट्रिय कम्पनीका बुटले कुल्चे पनि हिलोमा कमल झैँ फुलिरहेका मजदुरहरूको आवाज पुस्तकमा छ । मार्क्सवादी सौन्दर्य चिन्तक तथा एमालेका वैचारिक नेता प्रदिप ज्ञवालीले यस पुस्तकमा भने जस्तै ‘हिजो प्रत्यक्ष देखिने श्रम शोषण अहिले जटिल, विस्तारित र दिग्भ्रमित पार्ने खालको भएको छ ।’

